# बन्दले विद्यार्थीहरूको भविष्य अन्धकारमा

**मिरिक,८ अगस्त।** अलग राज्य गोर्खाल्याणडको मागको दाबीमा जारी अनिश्चितकालिन बन्दको आज ५५ दिन पार भएको छ। जन आन्दोलनको फलस्वरुप पहाडमा संक्रमणकालीन स्थिति छ। बन्दका कारण पहाडमा रहेका शैक्षिक संस्था पनि बन्दको चपेटामा परेपछि विद्यार्थीको पठनपाठन ठूलो असर परेको छ। स्कूल कलेज बन्द छ। विद्यार्थीहरूको पढ़ाईमा बाधा पुगेको छ। अर्द्धवार्षिक परीक्षा दिन पाएनन्। वार्षिक परीक्षा पनि समयमा दिन पाउने हुन् या होइनन् चिन्ताको विषय बनेको छ। आज पाठ्यक्रम समयमा पढाउन सकिएन भने त्यसको बोझ विद्यार्थीहरूले बोक्नु पर्छ। बोर्ड परीक्षा दिने विद्यार्थीहरूको निम्ति यो समयमा पढाई महत्वपूर्ण हुन्छ। दिनो दिन चाड पर्वको महिना आउँछ स्कूल बिदा हुन्छ। यस समयमा बन्द भएपछि विद्यार्थीहरूको पठन-पाठनमा धेरै असुविधा भएको छ। बन्द अझै जारी रहे पाठ्यक्रम पुरा गर्न निकै कठिनाई हुनेछ। हिउँदमा ठण्डा बडि हुनाले त्यस समयमा पठन-पाठन गराउन निकै चर्को पर्छ। वर्ष २०१८ को बोर्ड परीक्षा दशौ र बाह्रौं श्रेणीको फरवरी महिना देखि शुरु हुन्छ। ठण्डा महिना राम्रो नबित्तै परीक्षा शुरु हुन्छ। यसै नोभेम्बर महिनामा वार्षिक राजनीतिक सेन्टअप परीक्षा शुरु हुने हुनाले त्यो कसरी लेख्छन् विद्यार्थीहरूले अभिभावकले र विद्यार्थीहरूले चिन्ता ब्यक्त गरेका छन्। निजी विद्यार्थी पठनपाठन गर्ने विद्यार्थीहरूको अवस्था पनि उस्तै छ। आज पहाडमा ठाउँ ठाउँमा कोचिन क्लास शुरु गरिन्दै छ। गाउँमा सामूहिक रूपमा विद्यार्थीहरूको भेला गराई सचेत शिक्षित व्यक्तिहरू पठनपाठनमा जुटेका छन्। मिरिकमा पनि यो कोचिन क्लास शुरु गरेको छ। कमसेकस पढ्ने अभ्यास होस। विद्यार्थीहरूको दिमागमा कुनै प्रकारको तनाउको सृजना नहोस् भनि शुरु गरिएको बताइएको छ। जसले गर्दा विद्यार्थीहरूले पनि पठनपाठन गर्ने नजानेको नबुझेको कुरा सिक्ने अवसर प्रदान गरिरहेका छन्।

# मिरिकमा धर्ना-जुलूस जारी



**मिरिक, ८ अगस्त।** अलग राज्य गोर्खाल्याण्ड गठनको दाबीमा यथावत पहाड़ बन्दले आज ५५ दिन पूरा गरेको छ। छुट्टै राज्य प्राप्तिको निम्ति जुलूस, धर्ना प्रदर्शन, पथसभा पनि उत्तिकै जोश र जाँगरको साथमा अगाड़ि बढ़िरहेको छ। सधैं झैं आज पनि मिरिकमा विराट जुलूस र पथसभा आयोजन गरियो। यहाँको बाइपास मोड़देखि शुरू भएको जुलूसले 'वी वाण्ट गोर्खाल्याण्ड, हामी बंगालमा बस्दैनौं, प्रशासनको अयाचार बन्द गर' जस्ता नाराबाजीको साथमा नगर परिक्रमा गरेपछि कृष्ण नगरमा पुगेर पथसभामा परिणत भयो। पथसभालाई सम्बोधन गर्दै युवा मोर्चाका केन्द्रिय उपाध्यक्ष लाडुप घिसिङले राज्यको माग पूरा नभएसम्म आन्दोलन जारी रहने प्रतिबद्धता व्यत गरे। उनले भने, हरेक गोर्खाको चाहना आफ्नो बासभूमि र चिन्हारी हो। राज्य प्राप्तिको निम्ति अब अन्तिम चरणको निर्णायक लड़ाइँ गर्नुपर्ने समय आएको छ। राज्य प्रशासनले जति नै विरोध गरे पनि गोर्खा जातिको संवैधानिक अधिकार छुट्टै राज्यको मागलाई कदापि दबाउन नसने उनले दाबी गरे। राज्य सरकारले गोर्खाल्याण्ड हुँदैन भन्दा नहुने प्रश्नै उठ्दैन। अब केन्द्र सरकार बोल्ने समय आएको छ, उनले भने। उनले यो पनि भने, छुट्टै राज्य प्राप्तिकै निम्ति युवा मोर्चाका कार्यकर्ताहरू आमरण अनशनमा बसेको १९ दिन बितिसकेको छ। तर सरकारले यसमाथि कुनै ध्यान दिएको छैन। अनशनकारीहरूको अवस्था गम्भीर हुँदा पनि कुनै पक्षले खोज-खबर लिएको छैन। आजको पथसभालाई युवा नेता सोवन थापाले पनि सम्बोधन गरे।

# खरसाङ मोटर स्ट्याण्डमा पथसभा

**खरसाङ, ८ अगस्त।** अलग राज्य गोर्खाल्याण्डको मागलाई प्रभावशाली बनाउन यहाँको मोटर स्ट्याण्डमा आयोजित पथसभालाई सम्बोधन गर्दै प्रमुख वक्ता गोजमुमो नेता किशोर थापाले भने, हामी राष्ट्रवादी अनि देशप्रेमी हौं। कारण देशको लागि हाम्रा गोर्खा सन्तानहरूले आफ्नो प्राणको आहुति दिएका छन्। उनले भने, १९६२ र १९७१ सालको लड़ाइँ सहित कारगील युद्धमा हाम्रै गोर्खा सन्तानहरूले आफ्नो प्राणको आहुति दिएर देशको रक्षा गरेका थिए। तर आजसम्म हाम्रो मूल्यांकन हुन सकेको छैन। हामी आफ्नै भूमिमा बंगाल सरकारको शोषण र दमनको शिकार भइरहेका छौं।

उनले भने, वर्ष १९५४ मा यस भू-भागलाई धोका दिएर बंगालमा अन्तर्भुत गरियो। तर दार्जीलिङको भू-भाग पश्चिम बंगालको कहिल्यै थिएन, न हो। थापा अनुसार - राष्ट्र र संविधान एकाअर्काको सम्पूरक हो। राष्ट्र विहीन संविधान हुँदैन। अनिश्चितकालीन दार्जीलिङ बन्द भएको आज दुइ महीना बितिसक्दा पनि सरकार मौन छ। आन्दोलनमा अहिलेसम्ममा ९ जना शहीद भइसकेका छन्। निर्दोष मानिसहरूमाथि अन्धाधुन्ध गोली ठोकेर मानव अधिकार साथै संविधानको समेत हनन गरिरहेको आरोप उनले लगाए।

उनले भने, हामी बंगालदेखि अलग भएर आफ्नो भिन्नै प्रशासनिक व्यवस्था चाहन्छौं। हामी गोर्खाल्याण्डको लक्ष्य प्राप्तिको निम्ति अघि बढ़िरहेका छौं। छैटौं अनुसूची र गोर्खाल्याण्ड स्टेट काउन्सिलको सन्दर्भमा चर्चा गर्ने र यसलाई लिएर आ-आफ्नो राजनीतिक रोटी सेक्ने नेताहरूसित जनतालाई सतर्क बस्ने आह्वान गर्दै उनले भने, बाँदर प्रवृत्तिका यस्ता नेताहरूले नत आफ्नो घर बनाउँछन् न त अरूको घर नै बनाउन दिन्छन्। गोर्खाल्याण्ड आन्दोलनप्रति समर्पित भएर अघि बढ़ने आह्वान गर्दै उनले भने, हामी बंगाल सरकारको नीतिको विरोध गर्दछौ तर बंगाली जातिको होइन।

भारतका कुल २१ वटा राज्य सहित केही केन्द्रिय नेताहरूले गोर्खाल्याण्डलाई समर्थन दिइसकेको जानकारी पनि उनले गराए। उनले आरोप लगाए, बंगाल सरकारले सुकना, गाड़ीधुरा आदि क्षेत्रमा छापामारी गराएर तथा दमन नीति आाएर गोर्खाल्याण्ड आन्दोलनलाई कथित रूपमा दबाउने षड़यन्त्र गरिरहेको छ। यहाँ अशान्ति सृष्टि गर्ने प्रयास गरिरहेको छ। आजको पथसभालाई नुरी शेर्पाले पनि सम्बोधन गरे।

# मिरिकका खण्ड विकास अधिकारीको घरमा ढुङ्गा-मूढ़ा

**मिरिक, ८ अगस्त।** हिजो राति मिरिकका खण्ड विकास अधिकारीको घरमा ढुङ्गा-मूढ़ा भएको समाचार प्राप्त भएको छ। प्राप्त जानकारी मुताबिक यहाँको थाना नजिक भाड़ाको घरमा बस्दै आइरहेका खण्ड विकास अधिकारी अमिताभ भट्टचार्यको घरमा हिजो अबेर राति लगभग १ बजी केही असामाजिक तवहरूले ढुङ्गा-मूढ़ा गरेर घरको खिड़की र दैलोका शिशाहरू फुटाइदिएका छन्। उनी सुत्ने कोठालाई नै इंगित गरेर ढुङ्गा-मूढ़ा गरेको बताइन्छ। खण्ड विकास अधिकारी भट्टचार्यसित यस सिलसिलामा सम्पर्क गर्दा उनले आफू सधैं सुत्ने कोठाको खिड़कीमा ढुङ्गाले हिर्काएर शिशा फुटाइदिएको जानकारी गराए। तर यस रात आफू यस कोठामा नसुतेको नत्र ढुङ्गाले लागेर सिकिस्त घाइते हुने उनले बताए। रातको समय भएको कारण आक्रमणकारीहरूलाई आफूले देख्न नसकेको पनि उनले बताए। घटनाको जानकारी पाउनसाथ घटनास्थलमा पुगेको मिरिक पुलिसले अज्ञात समूहविरूद्ध प्राथमिकी दर्ता गरी गहन जाँच गरिरहेको छ। तथापि अहिलेसम्म कनै सुराक हात लाग्न नसकेको पुलिस सूत्रले बताएको छ। पहाड़मा जारी अनिश्चितकालीन बन्दबीच यस किसिमका असामाजिक तवहरू सक्रिय भएर क्षेत्रमा अशान्ति फैलाउने प्रयास गरिरहेका छन्। यसमाथि लगाम कस्न पुलिस प्रशासन पनि सक्रिय बनेको बताइएको छ।

# अनशनकारीको अवस्था झन् झन् चिन्ताजनक

**खरसाङ, ८ अगस्त।** अलग राज्य गोर्खाल्याण्डको मागमा २१ जुलाईदेखि यहाँको रेलवे स्टेशन परिसरमा आमरण अनशनमा बसेका युवा मोर्चाका तीनजना अनशनकारीहरू क्रमशः अनोश थापा, नोयल खवास र श्रेया राईको अवस्था झनै बिग्रिँदै गइरहेको छ। आज अनश-नको १९औं दिन पूरा भइसकेको छ। अनशनकारीहरूको स्वास्थ्य जाँच गर्न आएका चिकिसकहरूको दलले बताए अनुसार अनशनकारीहरूलाई अस्पतालमा भर्ती भएर चिकित्सकीय सुविधा लिने बारम्बार आग्रह गरिँदै आइरहेको छ। अनशनकारीहरूको पीठ्यू र टाउको दुख्ने समस्यासहित आँखा मधुरो देख्ने, रतचाप घट्ने-बढ़ने क्रम जारी छ। विशेष गरेर अनोश थापाको आँखा पहेंलो भएको कारण चिकिसकहरूले उनलाई जण्डिस भएको हुनसक्ने सम्भावना व्यत गरेका छन्। तथापि रगत जाँच गरेपछि मात्र स्पष्ट हुने पनि चिकिसकहरूले बताएका छन्। सबै अनशनकारीहरूले चिकिसकीय सुविधा लिन अस्वीकार गरिरहेका छन्। उनीहरूले बारम्बार भन्दै आइरहेका छन्, गोर्खाल्याण्डको सन्दर्भमा जबसम्म सरकारको तर्फबाट कुनै सकारामक आश्वासन प्राप्त हुँदैन तबसम्म आमरण अनशन जारी रहनेछ। आज अनशनकारीहरूको मनोबल बढ़ाउनका लागि अरिंगले, टुंग, मार्गरिट्स होप आदि क्षेत्रबाट ठूलो संख्यामा आएका गोर्खाल्याण्ड समर्थकहरूले अनशनस्थलमा व्यापक नाराबाजी गरे।

# बंगाल विभाजनको विरोधमा आज तृणमूल कंग्रेसको महाजुलूस

**सिलगड़ी, ८ अगस्त।** पश्चिम बंगाल विभाजनको विरोध जनाउँदै अनि गोर्खा जनमुक्ति मोर्चाको आन्दोलनको प्रतिरोध गर्ने आह्वान गर्दै राज्यमा सत्तारुढ़ दल तृणमूल कंग्रेसले बुधवार समतल, तराई र डुवर्सका विभिन्न भागमा महाजुलूसको आयोजना गर्नेछ। तृणमूल कंग्रेसले बुधवार सिलगड़ीमा महाजुलूसको आयोजना गरेको छ भने पार्टीले उता डुवर्सका विभिन्न भागमा जुलूसहरू निकाल्नेछ। तृणमूल कंग्रेसको महाजुलूस अनि गोर्खा जनमुक्ति मोर्चाको आन्दोलनले बुधवारदेखि तराई र डुवर्स फेरि तातिने सम्भावना छ। ८ अगस्तभित्र केन्द्र सरकारले गोर्खाल्याण्ड मागबारे कुनै सकारात्मक पदक्षेप नलिए ९ अगस्तदेखि आन्दोलन अझ तीव्र गर्ने चेताउनी मोर्चाले अगावै दिएको थियो। उता, तृणमूल कंग्रेसले पनि राज्य विभाजनको विरोध जनाउँदै अनि मोर्चाको आन्दोलनको प्रतिरोध गर्ने आह्वान गर्दै ९ अगस्त नै सिलगड़ीमा महाजुलूस निकाल्ने घोषणा अगावै गरेको थियो। मंगलवारसम्म पनि केन्द्र सरकारबाट कुनै बोलाहट नआएपछि मोर्चाले पहाड़को आन्दोलन बुधवारदेखि समतलमा फैलाउने प्रयास गर्ने आशंका प्रशासनले गरिरहेको छ।

यता, प्रशासन सँगसँगै पार्टीगत आधारमा पनि मोर्चाको आन्दोलनको प्रतिरोध गर्नको निम्ति तृणमूल कंग्रेसले सबै तयारी गरेको छ। राज्यका पर्यटनमन्त्री तथा तृणमूल कंग्रेस दार्जीलिङ जिल्लाका सभापति गौतम देव र तृणमूल कंग्रेस अलिपुरद्वार जिल्लाका सभापति सौरभ चक्रवर्तीले समतलमा मोर्चाको आन्दोलनको प्रतिरोध गर्ने आह्वान गरेका छन्। यस अतिरिक्त समतलमा मोर्चाको आन्दोलनलाई रोक्न के-कस्तो पाइला चाल्नुपर्ने त्यसबारे पर्यटन मन्त्रीले मंगलवार सिलगड़ीका पुलिस कमिश्नरसँग बैठक पनि गरे। पछि पर्यटनमन्त्री गौतम देवले पत्रकारहरूलाई भने, पुलिसलाई आवश्यक निर्देश दिएको छु, तृणमूल कंग्रेसले बुधवार सिलगड़ीमा महाजुलूस निकाल्नेछ। समतलमा अशान्ति फैलाउन खोज्ने कुनै पनि प्रयासको सरकारी रूपमा प्रतिरोध गर्नका साथै अराजनैतिक अनि राजनैतिक कार्यकलाप मार्फत पनि प्रतिरोध गरिनेछ, कुनै पनि परिस्थितिमा गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) क्षेत्र बाहिर यो आन्दोलन फैलाउन दिइनेछैन, तिनले भने। मन्त्रीले अझ भने, यसभन्दा अघि सर्वदलीय बैठक डाकिएको थियो तर कोही पनि आएनन्, पहिला तिनीहरूले (मोर्चाले) के गर्नुपर्ने त्यो निश्चित गरून्, वार्ता चाहन्छन् भने राज्य सरकारसँगै गर्नुपर्नेछ र आवश्यकता परे राज्य सरकारले फेरि बैठक डाक्नेछ।

सिलगड़ीमा पत्रकारहरूलाई सम्बोधन गर्दै अलिपुरद्वार जिल्ला तृणमूल कंग्रेसका सभापति सौरभ चक्रवर्तीले भने, तिनीहरू (मोर्चाहरू)-ले जुलूस निकाल्न खोजे हामी त्यसको प्रतिरोध गर्नेछौं, हामी बुधवार वानरहाट, चमर्ची, ओदलाबारी, मालबजारलगायत विभिन्न ठाउँमा जुलूस निकाल्ने छौं। ती जुलूसमा म स्वयं पनि सामेल हुनेछु, हामी समतलमा मोर्चाको आन्दोलनलाई रोक्नेछौं, तिनले भने।

यसैबीच, मुख्यमन्त्री ममता ब्यानर्जीले मंगलवार विधानसभामा भनिन्, पहाड़ विभाजन हुन दिने छुइनँ, वार्ता गर्न चाहन्छन् भने गर्न सक्छु तर बाहिरी शक्तिहरूको सहयोगमा देशमा अशान्ति फैलाउन दिँदिनँ।

# ग्राम सुधार समितिद्वारा जनसेवा

**मिरिक, ८ अगस्त।** मिरिक बस्ती हस्पिटल ग्राम सुधार समितिले बन्दको अवधिमा जनसेवा गर्ने अभिप्राय लिएर विभिन्न कार्यक्रमहरूको थालनी गरेको छ। सोही क्रममा बन्दको कारण स्कूल जान नपाएका शिशु कक्षादेखि आठौंसम्मका विद्यार्थीहरूलाई शिक्षा दान गर्ने काम शुरू गरेको छ। यस बर्खाझरीमा प्राकृतिक आपदाको कारणले कुनै किसिमको क्षय-क्षति भए वा आपद-विपद आइलागे समितिले सहयोग पुऱ्याउने तथा ग्रामीण क्षेत्र-हरूमा खाद्यान्नको संकट भए आपूर्ति गर्ने सोच बनाएको समितिका प्रमुख कुन्दन सुब्बा, विष्णु कुमार बराइली, दिपक छेत्री, पवन छेत्री, सुरज सुब्बाले बताए।


सेन्ट्रल बैंक Central Bank of India

## सेन्ट्रल ब्यांक अफ इण्डिया

(भारत सरकारको उपक्रम)

जोनल कार्यालय / क्षेत्रिय कार्यालयः कलकत्ता / सिलगढी

चल र अचल सम्पतिहरुको बिक्रीको लागि ई-निलामीको निम्ति सार्वजनिक सूचना

ईएमडी अनि दस्तावेज बुझाउने अन्तिम मिति अनि समय 13 सेप्टेम्बर 2017 को 4 बजेसम्म

वित्तिय परिसम्पतिको प्रत्याभूतिकरण अनि पुनःनिर्माण अनि प्रत्याभूति ब्याजको प्रवर्तन ऐन, २००२(२००२ को संख्या ५४) अन्तर्गत ब्याङ्कलाई बन्दकी राखिएको अचल सम्पतिको बिक्री।

जब कि, सेन्ट्रल ब्याङ्क अफ् इण्डियाका प्राधिकृत अधिकारीले ब्याङ्कको देय असुलीको लागि जहाँ छ त्यहीको आधारमा सो सम्पतिको बिक्री गर्ने अधिकारसहित निम्न ऋृण खाताहरुमा वित्तिय परिसम्पतिको प्रत्याभूतिकरण अनि पुनःनिर्माण अनि प्रत्याभूति ब्याजको प्रवर्तन ऐन, २००२ को नियम ३सहित पढ्नुहोस् धारा १३(२) अन्तर्गत जारी गरिएको सूचना अनुसार निम्न सम्पति दखल गरेको थियो। यो बिक्री निम्नहस्ताक्षरकारीद्वारा वैबसाइट https://www.bankeauctions.com मा उपलब्ध गराइएको ई-निलामी प्लेटफार्म माध्यम गरिनेछ।

अचल / अचल सम्पतिको विवरण

| लट संख्या | शाखा अनि खाताको नाम | विवरण | माग सूचना मिति / बक्यौता राशि प्रतिभूत कर्ज | प्राधिकृत अधिकारीको विवरण | ईएमडी बुझाउने खाता विवरणहरु | आरक्षण मूल्य / ईएमडी / बोलि वृद्धि राशि | ई-निलामी मिति / समय |
|---|---|---|---|---|---|---|---|
| 1 | **रम्फू शाखा राष्ट्रिय 31ए, अपर बजार, डाक-रम्फू, जिल्ला-पूर्व सिक्किम, पीन-737132 गणेश बहादुर खाती** | श्री गणेश बहादुर खाती(ऋृणधारक) को 0.85 हेक्टर मापको जमीन, प्लट नम्बर 06 अनि 10, खतियान संख्या 328, डीड संख्या 222417 ̸20, डीड मिति-15-10-2012, मामरिङ ब्लक, नामथाङ इलाका, नाम्ची, जिल्ला-दक्षिण सिक्किममा रहेको।<br>**जमिनको चौहती सिमाना**<br>**उत्तरमा**- खोल्सा, **दक्षिणमा**- सरकारी आरक्षित वन, पूर्वमा- टिस्टा नदी, पश्चिममा- सरकारी आरक्षित वन | 04-06-2016<br>31-05-2016 सम्म 1,16,00,058.50 साथै ब्याज अनि अन्य खर्चहरु | **श्री आरएन दास, मोबाइल नम्बर** 7797810123 Email Id recvsiliro@centralbank.co.in | खाता संख्या 3065764914, खाताको नाम- क्षेत्रिय कार्यालय, व्यय खाता, लाभार्थीको नाम- सेन्ट्रल ब्याङ्क अफ् इण्डिया, आईएफएससी- CBIN0280125 | 2,41,54,000.00<br>24,16,000.00<br>2,42,000.00 | 15-09-2017 को 3 देखि 5 बजे दिउँसोसम्म |

### नियम र शर्तहरु

**जहाँ छ त्यही** अनि **जे छ त्यही**-माथि निलामी हुँदैछ।

1 प्राधिकृत अधिकारीको पूर्ण ज्ञान अनि सूचनामा सो कुनै सम्पतिमाथि कुनै ऋृणभार छैन। यद्यपि, इच्छुक बोलिकर्ताले तिनीहरुले बोली बुझाउन अघि निलामीमा राखिएको सम्पतिको टाइटल, ऋृणभारबारे अनि सम्पतिलाई प्रभाव पार्ने दावी/अधिकार/बक्यौता स्वतन्त्र ढंगले अनुसन्धान गर्नुपर्नेछ। यस ई-निलामी विज्ञापनले कुनै प्रतिबद्धता अथवा ब्याङ्कलाई प्रतिनिधित्व गर्नेछैन। ब्याङ्को जानकारीमा अथवा बाहिर सबै विद्यमान अनि भविष्यको ऋृणभारसहित यो सम्पति बिक्री गरिन्दैछ।

2.बोली बुझाउन अघि परिसम्पति अनि ब्यौराबारे निरीक्षण गर्न र तिनीहरु आफैलाई सन्तुष्टि गर्न बोली लगाउनेहरुको दायित्व हुनेछ। इच्छुक बोली लगाउनेहरुले परिसम्पतिको निरीक्षण 04-09-2017 देखि 06-09-2017 (कार्यालय समयमा) स्थलमा गर्नसक्नेछन्।

3. इच्छुक बोली लगाउनेहरुले वैब पोर्टल:http://www.bankeauctions.com (http://www.bankeauctions.comमा नाम रेजिस्टर गरेर यूजर आईडी र पासवर्ड निशुल्क पाइन्छ) द्वारा लग् इन् आईडी अनि पासवर्ड लगाएर ईएमडी बुझाउनुपर्नेछ। उपरोल्लेखित खातामा एनईएफटीद्वारा ईएमडी भुक्तान गर्नसकिनेछ। बोली लगाउनेहरुले वैब पोर्टलमा पंजीकरणपछि(एकपटक) बोली दस्तावेज बुझाउने अन्तिम मिति अनि समय अघि वैब पोर्टलमा अपलोड गरिएका निम्न दस्तावेजका प्रतिहरु राख्न आवश्यक छ। क्रमैले-क) एनईएफटी/आरटीजीएस चलान अथवा डीमाण्ड ड्राफ्टको प्रति, 2) पैन कार्डको प्रति, 3) पहिचान/ठेगानाको प्रमाण(केवाईसी) जस्तो मतदाता पहिचान पत्र /ड्राइभिङ लाइसेन्स/ पासपोर्टको स्व-सत्यापित प्रति, आदि। यो बिना बोली रद्द हुनेछ। परिशिष्ट-2 अनि 3 भरेर र हस्ताक्षर गरी स्केन कपी(वैब पोर्टल /http://www.bankeauctions.com बाट डाउनलोड गर्न सकिन्छ) पनि अपलोड गरिनु आवश्यक छ। इच्छुक बोली लगाउनेहरु जसलाई लग् इन् आईडी अनि पासवर्ड बनाउन, तथ्याङ्क अपलोड गर्न, बोली दस्तावेज बुझाउन, प्रशिक्षण / प्रदर्शन चाहिन्छ उनले मेसर्स सी1 इण्डिया प्रा.लि, उद्योग विहार, चरण 2, गल्फ पेट्रोकेम भवन भवन संख्या 301, गुडगाउँ, हरियाणा, पीन-122015, ईमेल आईडी:support@bankeauctions.com हेल्प डेस्क नम्बरः 124-4302020/21, 7291981124/1125/1126 मा सम्पर्क गर्न सक्नेछन् अथवा परिसम्पतिबारे कुनै अनुसन्धान चाहिएमा प्राधिकृत अधिकारी श्री आरएन दास, मोबाइल नम्बरः 7797810123, ईमेल आईडीः recvsiliro@centralbank.co.in मा सोमबारेदेखि शनिबार कार्यालय समय सम्पर्क गर्नसक्नेछन्।

4.इच्छुक बोली लगाउनेहरुले तिनीहरुको बोली दस्तावेज(ईएमडी) (आरक्षण मूल्यभन्दा कम हुनुहुँदैन) बुझाउनुपर्दछ अनि 13-09-2017 को 4 बजेसम्म बुझाउनु आवश्यक छ( बुँदा संख्या 4 मा उल्लेखित)। अनि रेजिस्ट्रेसन प्रक्रियापछि यूजर आईडी र पासवर्ड बनिएरपछि, तिनीहरु ई-निलामीमा सहभागिता जनाउन पात्र हुनेछन्, तर दस्तावेजहरुको सत्यापन अनि प्राधिकृत अधिकारीको अनुमोदनमा निर्भर रहनेछ।

5. अनलाइन इन्टर बोलीमा बोली लगाउनेहरुले बोली वृद्दि राशि(उपरोल्लेखित) को आधारमा सुधार गर्न सक्नेछन्। बोली लगाउनेहरु जसले अधिकतम् बोली राशि(आरक्षण मूल्यभन्दा कम होइन) ई-निलामी प्रक्रिया बन्दमा लगाउनेछ -लाई आवश्यक सत्यापनपछि प्राधिकृत अधिकारी /प्रत्याभूती धारकद्वारा सफल बोली लगाउनेको रुपमा घोषणा गरिनेछ।

6.सफल बोली लगाउनेहरुको बैना राशि(ईएमडी) पार्ट बिक्री मुआवजाको लागि रोकेर राखिनेछ अनि असफल बोलि लगाउनेहरुको ईएमडीलाई फिर्ता गरिनेछ। ईएमडीमा कुनै ब्याज दिइनेछैन।, भुक्तान गरिसकिएको ईएमडी राशिलाई मिलाउँदै, सफल बोलि लगाउनेहरुले बिक्री मूल्यको 25 प्रतिशत जमा गर्नुपर्नेछ। प्राधिकृत अधिकारीद्वारा बोली मूल्यको प्राप्तिको 24 घण्टाभित्रमा बिक्रीमा अथवा अघि बिक्रीको रहल 75 प्रतिशत प्राधिकृत अधिकारीको निर्णयमा सहमतिको आधारमा यस्ता विस्तार गरिएको अवधीभित्र। यदि सफल बोलिकर्ताले भुक्तान गर्न चुकेमा, जमा गरिएको राशि जफ्त हुनेछ अनि सम्पति पुन-निलामी गरिनेछ अनि ऋृणशोधनअसक्षमकर्ताले सम्पति /राशिमाथि कुनै दावा दावी गर्नसक्नेछैन।

7.प्रत्याशित काबिल बोलीकर्तालाई ई-निलामी मितिको अघि मेसर्स सी1 इण्डिया प्रा.लि.द्वारा अनलाइन प्रशिक्षण दिइनेछ। इन्टरनेट नेटवर्क समस्याको लागी न त प्राधिकृत अधिकारी /ब्याङ्क या मेसर्स सी1 इण्डिया प्रा लि कोही पनि दायी हुनेछ तथा इच्छुक बोली लगाउनेहरु ई-निलामी गर्दा तिनीहरु आफै प्राविधिकरुपमा सम्पन्न रहनुपर्दछ।

8.खरिदकर्ताले स्टाम्प ड्यूटी /अतिरिक्त स्टाम्प ड्यूटी /अन्तरण शुल्क, शुल्क आदि सबै वहन गर्नुपर्दछ अनि सबै वैधानिक अनि अवैधानिक बाँकीहरु, करहरु, दरहरु, निर्धारण शुल्कहरु, पनि तिर्नुपर्नेहुन्छ।

9. प्राधिकृत अधिकारी अधिकतम अफर स्वीकार गर्न बाध्य छ अनि प्राधिकृत अधिकारीले कुनै कारण नदेखाई ई-निलामीलाई रद्द गर्ने, स्वीकार गर्ने या स्थगित गर्ने अधिकार आफुसित सुरक्षित राख्दछ।

10.बोली लगाउनेहरुलाई यो अनुरोध गरिन्छ कि तिनीहरुले बोली बुझाउन अनि ई-निलामीमा भाग लिन अघि मेसर्स सी1 इण्डिया प्रा लमको वैबपोर्टल https://www.bankeauctions.com मा उपलब्ध ई-बोलीको नियम र शर्तहरु हेर्नुपर्दछ।

11. यो प्रकाशन अप्रत्याशित घटना खण्डमाथि निर्भर गर्दछ।

**विशेष निर्देशन**

12. बोली लगाउनेहरुको हितमा यो सुझाउ दिइन्छ कि अन्तिम क्षणमा बली लगाउन जतिसक्दो वर्जित गर्नुहोस् यसमा न त सेन्ट्रल ब्याङ्क इण्डिया या त सेवा प्रदाताहरु कुनै पनि त्रुटी या अवरोधको लागि दायी हुनेछैन। यस्ता साना समस्याहरुलाई हटाउन बोली लगाउनेहरुलाई य अनुरोध गरिन्छ कि तिनीहरुले पावर सप्लाई ब्याकअप् जस्ता सबै आवश्यकहरु, व्यवस्थाहरु, विकल्पहरु तयारी बनाओस् जसमा तिनीहरुले यस स्थितीलाई सम्हाल्न सक्नेछन् अनि निलामीमा सफलतापूर्वक सहभागिता जनाउनसक्नेछन्।

**एसएआरएफएईएसआई ऐन, 2002 अन्तर्गत कानूनी 30 दिवसीय बिक्री सूचना**

ऋृणधारक /प्रत्याभूतीदाताहरुलाई यो अधिसूचित गरिन्छ कि ई-निलामीको अघि उपर उल्लेखित धनराशि साथै अहिलेसम्मको ब्याज र सहायक खर्चहरुलाई भुक्तान गरोस्, यसो नगरेमा परिसम्पति निलामी /बिक्री हुनेछ अनि रहल बक्यौता, यदि भएमा, ब्याजसहित असुली गरिनेछ।

**स्थान-सिलगढी**
**मिति-09 अगस्त 2017**

**प्राधिकृत अधिकारी**
**सेन्ट्रल ब्याङ्क अफ् इण्डिया**



SPECIALIST DOCTORS
NOW AT JORETHANG

**Dr Tshering Dorjee Sherpa MS(ENT)**
SENIOR CONSULTANT ENT SURGEON from
NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI

**Dr Bhushan Sharma MS (ORTHO)**
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from
NIVEDITA HOSPITAL, SILIGURI

**Dr Dipendra Gurung, MD (DERMATOLOGY)**
SENIOR CONSULTANT SKIN SPECIALIST from
SUNRISE NURSING HOME, SILIGURI

AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788



SPSC COACHING
LDC/AE-Ele/SISCO Bank
MEDICAL BSc ADMISSION
Cardiology, Dialysis, Animal Husbandary
B-Pharma, Respiratory C,Nursing
Organic Farming, Opthalmology,BMLT
Scholarship for ST/SC/OBC)
B.Tech / BSc/BA/B.Com/MSc/MA
SS30-9832539409-TRY CLASS & JOIN
D.Ed/B.Ed NCTE-UGC App.